दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

रामो घडेरी बिक्रीमा

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८०१८२७९५०



# बन्धक बनाइएका चार सय ५३ जना नेपालीको उद्धार



**मोहम्मद हबिब**
*भैरहवा*

भारतको उत्तर प्रदेशस्थित कुशीनगरमा आकर्षक जागिर र सुखद भविष्यको प्रलोभनमा परेर महिनौंदेखि बन्धक बनाइएका ४ सय ५३ जना नेपाली युवायुवतीहरूलाई उद्धार गरिएको छ।

भारतीय प्रहरी, नेपाल प्रहरी, किन इन्डियालगायत विभिन्न सरोकारवाला निकायको सहकार्यमा संयुक्त अपरेसनमार्फत् सुरक्षित उनीहरुलाई उद्धार गरी भैरहवा ल्याइएको हो।

भारतको उत्तर प्रदेशस्थित कुशीनगरबाट उद्धार गरिएका ४ सय ५३ नेपालीलाई जिल्ला प्रहरी कार्यालय, रुपन्देहीमा राखेर छानबिन सुरु गरिएको छ। यसरी ल्याइएकामध्ये कति जना पीडित र कति जना पीडक हुन भनेर छुट्याउन शनिबार दिउँसोबाट छानबिन थालिएको हो। भारतबाट आठ वटा बसमा सिधैं जिल्ला प्रहरी पुऱ्याइएका उनीहरुलाई पालैपालो बसबाट उतारेर अनुसन्धान भइरहेको छ।

प्रहरीले पीडितलाई आफन्तको जिम्मा लगाउने र पीडकमाथि थप अनुसन्धान गरिने जनाएको छ। शनिबार मध्यान्ह उनीहरुलाई कुशीनगरबाट बेलहिया नाका हुँदै नेपाल ल्याइएको थियो।

भारतस्थित नेपाली दूतावासको पहल र समन्वयमा नेटवर्किङ विजनेशको कार्यालयबाट उनीहरुलाई उद्धार गरिएको थियो। उद्धार गरिएका नेपालीसँगै दूतावासका कर्मचारी पनि रुपन्देही आएका छन्। नेपाली दूतावासका मिनिस्टर कन्सुलर अम्बिका जोशीले नेटवर्किङ मार्केटिङका कारण पीडित बनेका व्यक्तिको गुनासोका आधारमा लामो समय अध्ययन गरेपछि नेपालीको उद्धार गरिएको जनाए। उद्धारका लागि उत्तर प्रदेश सरकारले पनि सहयोग गरेको उनको भनाइ छ।

दूतावासका काउन्सेलर पब्लिक अफेयर्स नेपाल प्रहरीका एसएसपी प्रकाश मल्लले ६ महिनासम्म अध्ययन गरेपछि उत्तर प्रदेश र कुशीनगर प्रहरीसँगै लुम्बिनी प्रदेश प्रहरीसित समन्वयमा उद्धार कार्य सफल तुल्याइएको बताए। उद्धार कार्यमा किन इण्डिया संस्थाको भूमिका महत्वपूर्ण रहेको बताए। मनग्गे कमाई हुने प्रलोभन देखाएर नेटवर्किङ मार्केटिङमा लगाउने र पछि आफूले भने बमोजिम नभएमा त्यहाँ पुगेका युवालाई मानसिक तनाव दिने गरेको उनले बताए। यसका सञ्चालन कर्ता र पीडित दुबै नेपाली पाइएको उनले बताए। खासगरी सीमाबाट नजिक रहेका भारतीय शहरमा यस्तो काम भइरहेको उनले बताए।

किन इण्डिया संस्थाका नवीन जोशीले उक्त संस्थामा आबद्ध नेपालीको अवस्थाबारे पटकपटक रेकी गरेपछि मात्र उद्धार गरिएको बताए। एउटै कोठामा १५-१६ जनासम्म सुताइएको र गर्मीमा राहत पुग्ने कुनै आधार नरहेको उनले बताए। 'सुरुमा धेरै पैंसा कमाउने प्रलोभन दिएर नेपालका विभिन्न जिल्लाका बासिन्दालाई कुशीनगर लग्ने गरिएको थियो,' उनले भने-'त्यहाँ पुगेपछि तालिम दिने र थप आफन्त बोलाउन दबाब दिने गरेका थिए।'

सञ्चालकको चाहनाअनुसार नभएको खण्डमा मानसिक दबाब दिएर पीडित तुल्याउने गरेको उनले बताए। उक्त संस्थाबाट उम्किएका व्यक्तिको गुनासोपछि उद्धारका लागि पहल गरेको उनले जनाए।

यसअघि आकर्षक जागिर र राम्रो कमाई हुने प्रलोभन देखाएर नेपालीहरूकै एक गिरोहले नेपालका विभिन्न जिल्लाका युवायुवतीलाई कुशीनगर पुऱ्याएर बन्धक बनाइरहेको सूचना पाएपछि लुम्बिनी प्रदेश र रूपन्देही प्रहरीले अपरेसन सुरु गरेको थियो। नेपाल प्रहरीको अपरेसनलाई उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले पनि महत्वपूर्ण सहयोग गरेका थिए। गिरोहले नेपालबाट आकर्षक जागिरको प्रलोभन देखाएर सुनौली हुँदै कुशीनगर पुऱ्याउने र त्यहाँ प्रतिव्यक्ति ७ हजार भारतीय रुपैयाँदेखि १ लाखसम्म रकम असुल गरेर सदस्यता बिस्तार गर्दै नेटवर्किङ व्यवसायको शैलीमा सदस्यता बिस्तार गर्दै लैजाने गरेका थिए।

कुशीनगरमा लुम्बिनी प्रदेश, कोशी प्रदेश र सुदूरपश्चिम प्रदेशका गरी कम्तीमा एक हजार युवायुवतीलाई लगेर बन्दी बनाइएको सूचना प्राप्त गरेको रूपन्देही प्रहरी प्रमुख जनकबहादुर शाहीले बताए। 'त्यही सूचनाका आधारमा पिछा गरेर बन्धक बनाएर राखिएको स्थल पत्ता लागेपछि भारतीय प्रहरीको सहयोगमा उद्धार गरिएको हो,' उनले भने-'यसबारे थप अनुसन्धान भइरहेको छ।' कुशीनगरमा बन्धक बनाएर फिरौती रकमसमेत माग गरिएको भन्दै पीडितका आफन्तले इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएका थिए।

प्रहरीले त्यही उजुरीका आधारमा अनुसन्धान सुरु गरेको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक निशान्त श्रीवास्तवले बताए। 'चार दिनको निरन्तर प्रयासपछि उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ र भारतीय प्रहरीको सहयोगमा पीडितको उद्धार गर्न सफल भएका छौं,' उनले भने-'नेपालका विभिन्न जिल्लाबाट त्यहाँ पुऱ्याएर प्रतिसदस्य १ लाख भारतीय रुपैयाँ शुल्क लिएर सदस्यता बिस्तार गर्ने र सदस्य बन्न नसक्नेहरूको परिवारलाई धम्क्याएर रकम असुलीको प्रयास गर्ने गरेको देखिएको छ।' जागिरको प्रलोभनमा त्यहाँ पुऱ्याइएका युवायुवतीलाई एक समूहले तालिम दिने र अर्को समूहले सदस्यता शुल्क लिएर सदस्य बिस्तारमा लगाउने गरेको उनले बताए।

## पेट्रोलियम पदार्थ निकाल्न सम्झौताको तयारी

बुटवल। खानी तथा भूगर्भ विभागले पेट्रोलियम उत्पादनका लागि दोस्रो चरणको सम्झौताको गृहकार्य गरेको छ। विभागले व्यावसायिक उत्खननका लागि विभाग र चाइना जियोलोजिकल सर्भेबिच थप सम्झौताका लागि आन्तरिक तयारी गरेको हो।

पेट्रोलियम पदार्थको आन्तरिक उत्पादनका लागि चीन सरकारको प्राविधिक सहयोगमा सञ्चालित पेट्रोलियम अन्वेषण परियोजनाले दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा पहिलो चरणको 'ड्रिलिङ', अन्वेषण कार्यलगायत सकिएको जनाएको छ। पेट्रोलियम पदार्थको ड्रिलिङ र अन्वेषण कार्यहरू सम्पन्न गरेको विभागले व्यावसायिक उत्पादन सुरु गर्न उक्त सम्झौताका लागि विभागले आवश्यक सहयोग प्राप्त गर्न सरकारसँग समन्वय गरेको हो।

विभागले चीनको प्राविधिक टोलीसँगको सहकार्यमा हालै सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे सम्पन्न गरेको पेट्रोलियम अन्वेषण परियोजनाका निमित्त प्रमुख धर्मराज खड्काले जानकारी दिए। पेट्रोलियम पदार्थ उत्पादन तथा भण्डारण परिमाणको अध्ययनका लागि गरिएको नमूना परीक्षणले समेत पेट्रोल र प्राकृतिक ग्यासको सम्भावनालाई पुष्टि गरेको जनाइएको छ।

परियोजनाको सफल कार्यान्वयन हुन सके पेट्रोल र प्राकृतिक ग्यासको आयातमा खर्च भइरहेको ठूलो रकम कटौती गर्न सकिने बताइएको छ। यसले आयात प्रतिस्थापनका साथै मुलुकको आर्थिक विकासमा सहयोग पुग्नेछ।

## रक्षात्मक हुन आवश्यक छैन : नेपाल



बुटवल। नेकपाका सहसंयोजक माधव नेपालले पार्टीपंक्तिलाई टाउको लुकाएर नहिँड्न आग्रह गरेका छन्। पार्टीनिकट अखिल नेपाल महिला संगठनको भेलालाई सम्बोधन गर्दै उनले फागुन २१ को चुनावमा एउटा सुनामी आएपछि रक्षात्मक भएर हिँड्न आवश्यक नभएको बताए।

उनले भने-'हाम्रा साथीहरू कता-कता डिफेन्सिभ भएको म देख्छु। विरोधीहरू आक्रामक, हामीहरू चाहिँ टाउको लुकाएर भाग्नु पर्ने स्थिति छ। केही आवश्यकता छैन, भाग्नको लागि। यो एउटा सुनामी आयो, यो सुनामी मात्रै हो। यसका पछाडिका पनि कारणहरूको खोजी भइरहेको छ। बेला बेलामा सुन्ने गर्छौं, पोल खोल्दिन्छु भन्दै छन्, त्यहीं भित्रका मान्छेहरू।'

उनले रास्वपाको पक्षमा सुनामी आउनुमा सेना, सरकार निर्वाचन आयोगको भूमिकाबारे पनि विस्तारै खुल्दै जाने बताए।

उनले थपे- 'त्यसो हुनाले यसमा आत्तिनु पर्ने केही आवश्यकता छैन। हाम्रै अनुभव भन्छ भने हामीले नै मत प्राप्त गरेका छौं। ६४ मा पनि त्यस्तै हावाको वेग चलेको होइन ? खुला मञ्चमा म आएपछि माओवादी पार्टीको पक्षमा झण्डै बहुमत पुगेको होइन ? २०७४ सालमा नेकपा एमाले एक्लै बहुमत प्राप्त गरेर, माओवादीको साथमा झण्डै दुई तिहाइको हैसियत प्राप्त गरेर देखाएको होइन ? तर टिकेन। त्यसैले अब त बर्बाद भयो भनेर निराश हुनुपर्ने आवश्यकता छैन।' उनले सरकारप्रति जनताको आशा तुहिसकेको टिप्पणी गरे।

उनले भने-'सुरुकै दिनदेखि सुकुम्वासीहरूमा सरकारले व्यवहार गऱ्यो, उनीहरूको परिवारको बिजोग बनाइदियो, कुनै सूचना छैन, कुनै समय दिइएको छैन, कुनै वैकल्पिक व्यवस्था गरेको पनि छैन, वैकल्पिक व्यवस्था गर्न दिएको पनि छैन, हठात् आक्रमण गरेर जुन हिसाबले सरकारले व्यवहार गरेको छ, यसलाई कुनै पनि सभ्य मान्छे, कुनै पनि विधिको मार्ग पालना गर्ने मान्छेले, मानवीयता भएको मान्छेले स्वीकार गर्न सक्दैन।'

## रास्वपाको आयु लामो छैन : वर्षमान



बुटवल। नेकपाका नेता वर्षमान पुनले प्रतिनिधिसभाको निर्वाचन १८२ सीट जितेको रास्वपाको आयु लामो नभएको टिप्पणी गरेका छन्। पार्टीनिकट अखिल नेपाल महिला संगठनको भेलालाई सम्बोधन गर्दै चाँडै पुराना स्थापित पार्टीले नै देश सम्हाल्नुपर्ने स्थिति आउने जिकिर गरे।

उनले भने- 'नेता कहीं देखिँदैन। अस्ति भोट हाल्दा पनि मान्छे कोही छैन, बुथमा मान्छे छैन, खसेको भोट गन्दा त हजारको हजार छ। मान्छे सबै भर्चुअल दुनियाँमा छ, अनलाइनमा छ, सामाजिक सञ्जालमा छ। त्यसरी भर्चुअल दुनियाँबाट छिटो उठेको आन्दोलन तीव्र रूपमा उठ्यो, तीव्र रूपले तल जान सक्छ। अस्ति अस्तिको ७९ को चुनावमा मधेशतिर सिके राउतहरू ठुलो पार्टी भएर आएका थिए, अहिले त कहीं पनि छैन। एकदम छिटो माथि गयो, छिटो गयो।'

अहिले यति तीव्रतामा आएको आन्दोलन त्यस्तै तीव्रतामा जान सक्ने विश्लेषण उनले गरे। उनले थपे-'भोलि फेरि हामी स्थापित दलहरूले नै यो देश सम्हाल्ने अवस्था आउँछ। स्थानीय चुनावमा जाँदा नजाँदै पनि तल झर्न सक्छ। अस्ति भोट दिने मान्छेहरू सुकुम्वासीहरूले गल्ती भयो भन्न थालिसकेका छन्। मधेशतिर पनि नाकामा कडाइ गरेपछि बालेन सरकारप्रति विश्वास गुन्दै छ।' उनले एक महिनाभित्र दुई जना मन्त्री हटाइएको प्रसङ्ग पनि झिके। राजनीतिक आन्दोलन, त्याग, बलिदान, एउटा जग खडा गरेर आएको शक्ति नभएकाले चाँडै कोल्याप्स हुने उनको दाबी छ। उनले भने-'हामी अलि तरिका पुऱ्याएर क्रान्तिकारी ढङ्गले जान सक्यौं भने नयाँ भन्नेहरू कोल्याप्स हुने र फेरि हामीहरू नै अगाडि आउने हुन्छ।'

## बजेट बोझिलो : कांग्रेस

### सरकारले 'जहाँ भोट, त्यहीं बजेट' को नीति लिएको कांग्रेसले टिप्पणी गरेको छ।

बुटवल। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको बजेट आर्थिक रूपमा बोझिलो भएको टिप्पणी गरेको छ।

कांग्रेसले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्मा बजेट प्रस्तुत गरेको २४ घण्टा पुग्नै लाग्दा पार्टीको धारणा सार्वजनिक गरेर सरकारले 'जहाँ भोट, त्यहीं बजेट' को नीति लिएको टिप्पणी गरेको हो।

'समग्रमा यो बजेट आर्थिक रूपमा बोझिलो छ। तर, कमजोरी लुकाइएको छ,' प्रवक्ता देवराज चालिसेले भनेका छन्-'बजेटले जहाँ भोट, त्यहीं बजेटको नीति लिएको छ।'

सामाजिक सञ्जालबाट उदाएको सरकारले सामाजिक सञ्जाललाई नै खुशी पार्ने गरी बजेट ल्याएको कांग्रेसको भनाइ छ। 'डिजिटल प्लेटफर्मबाट उदाएको सरकारले डिजिटल प्लेटफर्मलाई नै खुशी पार्ने गरी बजेट ल्याएको छ,' चालिसेले भनेका छन्-'वितरणमुखी बजेटका लागि रास्वपालाई बधाई छ। वाचा पत्र, १०० बुँदे, १९ बुँदे यी त प्रचारका नेरेटिभ्स नै रहे, प्रचार गर्ने डिजिटल संसार त खुशी नै छन्।' सरकारले प्रस्तुत गरेको बजेटमा चालु खर्च उच्च र पुँजीगत खर्च न्यून रहेको कांग्रेसको भनाइ छ। 'कुल बजेटको ५९.८ प्रतिशत (१२ खर्ब ७० अर्ब ५८ करोड) चालु खर्चमा छुट्याइएको छ,' चालिसेले लेखेका छन्, 'जब कि पुँजीगत खर्च मात्र २०.३ प्रतिशत (४ खर्ब ३१ अर्ब १० करोड ) रहेको छ।'

प्रवक्ता चालिसेले लेखेका छन् -'सरसर्ती हेर्दा चालु खर्च नियन्त्रणमा सरकार असफल देखियो। चालु खर्च घटाउने र पुँजीगत खर्च बढाउने कुनै विश्वसनीय योजना देखिएन, ऋण र पुँजीगत खर्चबीचको ठूलो असन्तुलन देखियो। बजेटमा कुल ऋण लक्ष्य रु. ६५७.२८ अर्ब राखिएको छ, जुन पुँजीगत खर्च (रु. ४३१.१० अर्ब) भन्दा रु. २२६.१८ अर्ब बढी हो। यसको अर्थ स्पष्ट छ, ऋण लिएर ऋण तिर्ने अवस्था सिर्जना हुँदैछ। ऋणको ठूलो हिस्सा मन्त्री, संसद्, कर्मचारीको तलब, भत्ता, सवारी साधन, विदेश भ्रमण, अनुगमन तथा कन्सल्टेन्सी जस्ता गैरउत्पादक क्षेत्रमा खर्च हुने सम्भावना उच्च छ।

अब स्पष्ट छ एक नेपालीको हिस्सामा करिब १ लाख २० हजार ऋण पुग्छ।' यस्तै चालिसेले राजस्वको लक्ष्य महत्वाकांक्षी छ, तर आधारहीन देखिन्छ। सरकारले राजस्व संकलनको लक्ष्य रु. १४ खर्व ५ अर्ब ३१ करोड राखेको छ। तर, यसलाई प्राप्त गर्न आवश्यक उत्पादन, उद्योग, निर्यात र रोजगारी वृद्धिको कुनै ठोस आधार छैन भनेका छन्।

'यो बजेट उपभोगमा आधारित राजस्व लक्षित बजेट हो। उत्पादन वृद्धि बिना राजस्व लक्ष्य हासिल गर्न कठिन हुने देखिन्छ,' चालिसेले भनेका छन्-' कर नीतिमा विरोधाभास छ। एकातिर आयकर दरलाई अधिकतम ३९ प्रतिशतबाट २९ प्रतिशतमा झारिएको छ र कर छुटको सीमामा ३ लाख थपिएको छ, अर्थात् १० लाख पुऱ्याइएको छ। तर, अर्कोतिर बिजुली, शिक्षा र स्वास्थ्यजस्ता जनजीवनसँग प्रत्यक्ष सम्बन्ध भएका क्षेत्रमा नयाँ शुल्क तथा करको दायरा बिस्तार गरिएको छ।'

प्रवक्ता चालिसेले बजेटले किसान, गरिब र उत्पादन क्षेत्रलाई उपेक्षा गरिएको उल्लेख गरेका छन्। २० प्रतिशत जनता गरिबीको रेखामुनि छन्, तर उनीहरूलाई पर्याप्त राहत दिइएको छैन। किसानलाई प्रोत्साहन छैन, मलखादको अभाव कायम हुने देखिन्छ। चिया, अलैचीजस्ता निर्यातयोग्य वस्तुको प्रवर्धनमा कुनै उल्लेखनीय योजना छैन। सीमामा रहेको सय रुपैयाँको समस्या सम्बोधन गरिएको छैन।

यसको नतिजाले व्यापार घाटा घट्ने होइन, झन् बढ्ने सम्भावना देखिएको प्रवक्ता चालिसेले औंल्याएका छन्।



# सम्पादकीय

## महत्वकांक्षी बजेट

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट प्रस्तुत गरेका छन् । कुल बजेटमा पुँजीगत खर्चको हिस्सा घटाउँदै ल्याएको यो बजेटमा केही सुधारका कार्यक्रम छन्, कतिपय विरोधाभासले बजेटलाई अलमल पारेको छ । झट्ट सुन्दा आकर्षक र राम्रो सुनिने बलियो सरकारले ल्याएको बजेटमा मार्नुपर्ने छलाङबाट चुकेको छ । यद्यपी कैयौं नीतिगत सुधारका काम छन्, ती सुधारका काम गरे बजेट नतिजामुखी हुनसक्छ । सरकारले चालु आव २०८२/८३ को संशोधित अनुमानको तुलनामा २५.२ प्रतिशतले आकार बढाएर बजेट ल्याएको छ । बजेटको आकार त्यसरी तन्काउँदा पनि पुँजीगत बजेटको हिस्सा नबढ्नु भनेको चालु खर्च बढ्नु हो । आगामी आव पुँजीगत खर्चका लागि कुल बजेटको २०.३ प्रतिशत अर्थात् ४ खर्ब ३१ अर्ब १० करोड रुपैयाँ विनियोजन गरिएको छ । चालु आवको बजेटमा पुँजीगत बजेटको हिस्सा २०.८ प्रतिशत थियो । पुँजीगत बजेट यथावत राखेर ७ प्रतिशतको आर्थिकवृद्धिदर हासिल हुन कठिन छ । सरकारले आफ्नो कुल स्रोतको ७९.७ प्रतिशत बजेट साधारण प्रकृतिको खर्च र ऋण भुक्तानीमा खर्च गनुपर्ने भएको छ । ठूलो मात्रामा आन्तरिक ऋण लिएर बजेटको आकार बढाउने प्रवृत्ति स्वस्थ अर्थतन्त्रका लागि राम्रो होइन् । राज्यको खर्च सामान्यतया अनुत्पादक हुने र निजी क्षेत्रले परिचालन गर्ने रकमलाई आन्तरिक ऋणका रूपमा सरकारले खिच्दा त्यसले अर्थतन्त्रलाई फाइदा भने गर्दैन ।

अर्थमन्त्री आगामी वर्ष १२ खर्ब ७० अर्ब रुपैयाँ बराबर चालु खर्च हुने अनुमान गरेका छन् । जुन चालु आवको तुलनामा ९० अर्ब धेरै हो । यस वर्ष कुल बजेटको ५९.८ प्रतिशत बजेट सरकारले चालु प्रकृतिको बजेटमा विनियोजन गरेको छ । यस वर्ष सरकारले कर्मचारीको पारिश्रमिक वृद्धि गर्दा उनीहरुलाई उत्साहित बनाएको छ । केही सामाजिक भत्ता दोब्बर गरेको सरकारले सामाजिक सुरक्षाको बढ्दो खर्च कटौतीमा निर्मम बन्नुपर्ने बाध्यतालाई ध्यान दिएन् । चुनावबाट भर्खरै झण्डै दुई तिहाई बहुमत लिएर आएको सरकारले चुनावमुखी बन्न खोज्नु बजेटको कमजोरी हो । सरकारले ल्याएको ६ खर्बमाथिको घाटा बजेटमा आकर्षक कार्यक्रम र नाराले धेरैलाई छोए पनि नतिजामुखी हुन नसक्दा अन्ततः निराश बनाउने जोखिम छ ।

सरकारले आगामी आव २१ खर्ब २४ अर्बको बजेटका लागि राजस्वबाट १४ खर्ब ५ अर्बमात्र स्रोत जुट्ने अनुमान गरेको छ । वैदेशिक अनुदान ६१ अर्ब ७४ करोड अनुमान गरिएको छ । चालु आव सरकारले ५३ अर्ब ४५ करोड वैदेशिक अनुदान अनुमान गरेको थियो । आगामी वर्ष सरकारले आन्तरिक ऋण ४ खर्ब १० अर्ब र बाह्य ऋण २ खर्ब ४७ अर्ब परिचालन लक्ष्य राखेको छ । राष्ट्रिय योजना आयोगले आगामी आव २०८३/८४ का लागि १८ खर्ब ९० अर्ब रुपैयाँ बराबर सीमा तोकेको थियो । योजना आयोगको सुझाव भन्दा ठूलो आकारको बजेट ल्याएर खर्च गर्न नसक्दा चुनौतीका चाङ बढ्ने जोखिमलाई अर्थतन्त्रका जानकार अथमन्त्रीले हेक्का राखेनन् ।

सरकारले यस पटक सुधारलाई प्राथमिकता दिनु सकारात्मक छ । मध्यम वर्ग विस्तार गर्ने वाचा गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले आयकरको तल्लो सीमा हटाएर बहुसंख्यक व्यक्तिलाई लाभ दिने प्रयास गरेको छ । सरकारले औद्योगिक कच्चापदार्थको भन्सार महसुल तयारी मालवस्तुभन्दा कम्तीमा एक तह हुने गरी भन्सार दर घटाएको छ । यसले २ सय ७३ वस्तुको भन्सार दर घट्ने छ । ३ सय ६० वस्तुमा लाग्ने गरेको अन्तःशुल्क खारेज गरिएको छ ।

सरकारले भन्सार बिन्दुमा संकलन हुने विभिन्न नामका करलाई एकीकृत गरी हरित करमा समाहित गरेको छ । पुँजीगत लाभकर अन्तिम हुने व्यवस्था गरिएको छ । मूल्य अभिवृद्धि कर फिर्ता गर्ने प्रणाली स्वचालित बनाउने घोषणा सरकारले गरेको छ । कर परिपालनलाई दण्ड नभई विकासको सहयात्री बनाउने घोषणा गर्दै अर्थमन्त्रीले कानुनी अस्पष्टता र करदाताको अज्ञानताका कारण लामो समयदेखि सिर्जित कर विवादलाई निरुपण गरी व्यावसायिक वातावरण बनाउने बताएका छन् । बोझिलो संगठन संरचना खारेज गरी चुस्त बनाउने घोषणा गरिएको छ । यसबिच ३१ निकाय खारेज गरिने भएको छ । ६ मर्जर, ६ हस्तान्तरण र १८ निकायको पुनर्संरचना गरिने घोषणा बजेटमा गरिएको छ । सरकारले लागत न्यूनीकरण र दक्षता अभिवृद्धिमा संस्थागत सुधार गर्ने भनेको छ । लगानी प्रवर्द्धन, आर्थिक सुधार, सहज सेवा प्रवाहको समुचित नीतिगत कानुनी प्रबन्ध गर्ने भन्दै अर्थमन्त्रीले विभिन्न कानुन सुधारको घोषणा गरेका छन् । कार्यगत सुधारमा सुधार गरी पुँजीगत खर्चको गति र लय फेर्ने उनको प्रतिबद्धता छ । महत्वकांक्षी बजेट कार्यान्वयनमा अनेक प्रश्न उठेकाले ती प्रश्नको उत्तर सरकारले कार्यान्वयनमा पहलकदमी लिएर गर्नुपर्छ । संरचनात्मक सुधारका धेरै कार्यक्रम भएको बजेटमा आमुल रूपान्तरणका कार्यक्रम नभए पनि जति सुधारका कार्यक्रम आएका छन्, ती सुधार गर्न सक्दा नागरिकमा सकारात्मक सन्देश प्रवाह हुनसक्छ ।

# यी ७ खानेकुरा जसले आँखा तेजिलो बनाउँछ



आँखाको ज्योति राम्रो बनाउन घरेलु खानेकुरामा ध्यान दिन आवश्यक छ । पावरवाला चस्मा लगाउनेले समेत यी खानेकुरा खाने हो भने दृष्टिमा सुधार आउने अध्ययनले देखाएको छ । त्यसकारण घरमै पाइने यी सामग्रीबाट प्राकृतिक रूपमै आँखाको ज्योति राम्रो बनाउनुहोस् :

**हरियो तरकारी**

हरियो सागसब्जीमा पाइने भिटामिनलगायतका पोषकतत्वले आँखाको ज्योती राम्रो बनाउन सहयोग गर्छ ।

**जिरा**

जिरा र मिस्री बराबर मात्रामा लिएर राम्रोसँग पिस्ने र एक चम्चा घिउसँग दिनहुँ खाने ।

**सुकुमेल**

तीनचारवटा सुकुमेल र एक चम्चा सुपलाई राम्रोसँग पिस्ने र एक ग्लास दूधसँग दिनहुँ पिउने ।

**अमला**

अमला पकाएर तयार पारेको गुलियो अचार दिनमा दुई पटक खानाले आँखाको ज्योति बढ्छ ।

**ग्रिन टी**

दिनमा दुईतीन कप ग्रिन टी पिउनाले यसमा भएको एन्टिअक्सिडेन्टले आँखा तेजिलो बनाउँछ ।

**सुप**

एक चम्चा सुप, दुईवटा हाडेबदाम र आधा चम्चा मिस्रीलाई राम्रोसँग पिसेर राति सुत्नुअघि एक ग्लास दूधसँग पिउने गर्नुपर्छ ।

**हाडेबादाम**

राति छसातवटा हाडेबदाम पानीमा भिजाउने र बिहान खाने गर्नाले आँखाको पावर ठीक हुँदै जान्छ ।

# लोककल्याणकारी गणतन्त्र

**नारद गौतम**

गणतन्त्रलाई अझ जनमुखी र दिगो बनाउन शासकीय ढिलासुस्ती र भ्रष्टाचार अन्त्य गर्दै राजनीतिक परिवर्तनको प्रतिफललाई प्रत्येक नागरिकको भान्सा र जीवनस्तरसम्म पुऱ्याउनु नै आजको मुख्य आवश्यकता हो ।

वंश परम्परा अन्त्य गरी सामान्य नागरिकका छोराछोरी मुलुकको सर्वोच्च राष्ट्रप्रमुख बन्न सक्ने स्थिति सिर्जना हुनु र राज्यका हरेक अङ्गमा सीमान्तकृत समुदायको ३३ प्रतिशतभन्दा बढी अर्थपूर्ण सहभागिता सुनिश्चित हुनु गणतन्त्रका गौरवपूर्ण ऐतिहासिक कोसेढुङ्गा हुन् ।

नेपाली जनताको दशकौँ लामो अतुलनीय त्याग, बलिदान र सङ्घर्षको जगमा स्थापित गणतन्त्र १८ वर्ष पूरा गरी १९औँ वर्षमा प्रवेश गरेको छ । विसं २०६५ जेठ १५ गते ऐतिहासिक संविधान सभाको पहिलो बैठकले वंश परम्परामा आधारित राजतन्त्र अन्त्य गर्दै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । यसरी शाहवंशको २४० वर्ष लामो विरासतलाई जनताद्वारा निर्वाचित प्रतिनिधिले जगैदेखि उखेलेर फालिदिए ।

राणा शासन, पञ्चायत र बहुदलीय व्यवस्थाको कठिन मार्ग छिचोल्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको नेपालको यो राजनीतिक यात्रा पटक्कै सहज थिएन । हजारौँ सहिदको रगतले सिञ्चित यस व्यवस्थाको रक्षा र संवर्धन गर्ने जिम्मेवारी अब नयाँ पुस्ता (जेनजी) को काँधमा आएको छ । यस अवधिमा राजनीतिक रूपमा अभूतपूर्व उपलब्धि हासिल भए पनि नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन र शासकीय संस्कारमा सुधार ल्याउने अभ्यास अझै बाँकी छ ।

**जहानियाँ शासनविरुद्ध विद्रोह**

विसं १९०३ मा जङ्गबहादुर राणाले कोतपर्वबाट आफैँलाई श्री ३ महाराज अर्थात् प्रधानमन्त्री घोषणा गरे । त्यसैले राणा शासनलाई 'जहानियाँ' शासन भनियो । विसं १९३० को दशकमा लखन थापाले राणा शासनविरुद्ध विद्रोह गरे, उनी मारिए । विसं १९९३ जेठ २० गते टङ्कप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, रामहरि शर्मा र जीवराज शर्मा मिलेर 'नेपाल प्रजापरिषद्' नामक राजनीतिक दलको स्थापना गरे । विसं १९९७ असारदेखि काठमाडौँमा राणा शासनविरुद्ध भूमिगत रूपमा राणाविरोधी पर्चा छर्न र जनतालाई जागरुक बनाउन सुरु भयो । विसं १९९७ कात्तिकमा प्रजापरिषद्का मुख्य नेतालाई पक्राउ गरियो । सोही वर्षको माघमा राणा प्रधानमन्त्री जुद्धशमशेरले विद्रोहीलाई कडा सजाय सुनाए । टङ्कप्रसाद आचार्य र रामहरि शर्मा ब्राह्मण भएकाले उनीहरूलाई चार भन्ज्याङ कटाएर जन्मकैदको सजाय दिइयो भने आन्दोलनका प्रमुख चार संवाहक शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई मृत्युदण्ड दिइयो । नेपालमा जहानियाँ राणा शासकले १०४ वर्षसम्म प्रत्यक्ष शासन गरे । त्यसविरुद्ध समय समयमा अनेकौँ आन्दोलन भए र त्यसले राणा शासन अन्त्य गर्ने बलियो जग बसाल्यो ।

विसं २००४ असार १ गते काठमाडौँको तीनधारा पाठशालाका विद्यार्थीले 'जयन्तु संस्कृतम्' आन्दोलन गरे भने प्रवासमा नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी गठन भए । राणा शासनविरुद्धको आन्दोलनलाई समर्थन गर्दै विसं २००७ कात्तिक २१ गते तत्कालीन राजा त्रिभुवन परिवारसहित भारतीय दूतावास हुँदै भारत प्रवासमा जानुले राणाविरुद्ध आक्रोश झन् बढ्यो । अन्ततः विसं २००७ मा नेपाली कांग्रेसको अगुवाइमा सशस्त्र क्रान्ति भयो र त्यसैको बलमा राणा शासनको अन्त्य भयो । विसं २००७ फागुन १ गते राजा, राणा र कांग्रेसबिच दिल्लीमा त्रिपक्षीय सम्झौता भयो र २००७ फागुन ४ गते राजा त्रिभुवन नेपाल फर्किए ।

**राजाको घोषणामै 'गणतन्त्र' !**

विसं २००७ फागुन ७ गते राजा त्रिभुवनले नारायणहिटी राजदरबारबाट गरेको शाही घोषणाको एक अंश यस्तो छ, "...औ हाम्रा प्रजाको शासन अबउप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होस् भन्ने हाम्रो इच्छा र निर्णय भएकाले...।" त्रिभुवनको शाही घोषणामा 'गणतन्त्र' भन्ने शब्द कसरी आयो भन्ने जिज्ञासा उठ्नु स्वाभाविकै हो । राजाको घोषणाका बुँदा सुरुमा अङ्ग्रेजी भाषामा तयार पारिएको थियो । त्यसलाई नेपालीमा अनुवाद गर्ने क्रममा 'डेमोक्याट्रिक' शब्दको रूपान्तरण 'प्रजातान्त्रिक' हुनुपर्नेमा प्राविधिक त्रुटिवश 'गणतन्त्रात्मक' हुन गएको थियो ।

राजाले शाही घोषणामै विधान सभा (संविधान सभा) बाट निर्वाचित जनप्रतिनिधिले शासन गर्ने उल्लेख गरे पनि व्यवहारमा त्यसलाई कहिल्यै लागु गरेनन् । बरु दलहरूलाई आपसमा भिडाएर आफू बलियो बन्ने राजनीतिक अभ्यास सुरु गरे । विधान सभाको निर्वाचन नभए पनि विसं २०१५ फागुन ७ देखि सुरु भएको पहिलो आमनिर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाइ बहुमत (कुल १०९ मा ७४ सिट) प्राप्त गऱ्यो र बीपी कोइरालाको नेतृत्वमा जननिर्वाचित सरकार बन्यो । बिर्ता र रजौटा उन्मूलन गर्ने, भूमिसुधार लागु गर्ने तथा शिक्षा र विकासका काम गरिरहेको सरकारलाई १८ महिनामै सत्ताच्युत गरियो । तत्कालीन राजा महेन्द्रले विसं २०१७ पुस १ गते शासनसत्ता आफ्नो हातमा लिए । जनताबाट निर्वाचित प्रधानमन्त्री र मन्त्रीलाई बन्दीगृहमा कोचियो । विसं २०१७ पुस २२ गते पञ्चायती व्यवस्था घोषणा भयो ।

राजाले खोसेको प्रजातन्त्र र जनअधिकार फिर्ता गर्न नेपाली जनताले पुनः ३० वर्षसम्म सङ्घर्ष गर्नु पऱ्यो । यस अवधिमा राजनीतिक दलमाथि प्रतिबन्ध लगाइयो भने प्रेस स्वतन्त्रता कुण्ठित गरियो । विद्यार्थी आन्दोलन चर्किएपछि विसं २०३६ जेठ १० गते 'बहुदलीय व्यवस्था रोज्ने कि सुधारिएको पञ्चायत' भन्ने विषयमा जनमतसङ्ग्रहको घोषणा भयो । २०३७ बैशाख २० गते भएको जनमतसङ्ग्रहमा राज्यशक्तिको दुरुपयोगले पञ्चायतकै जित भयो तर मुलुकको राजनीतिक समस्या भने समाधान हुन सकेन ।

**बहुदल घोषणा**

पञ्चायती निरङ्कुशता बढ्दै जाँदा मुलुकमा जनआन्दोलनको पृष्ठभूमि तयार भयो । नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको संयुक्त आह्वानमा भएको शान्तिपूर्ण जनआन्दोलनले ३० बर्से पञ्चायती शासनप्रणालीलाई विसं २०४६ चैत २६ गते ढाल्यो । तत्कालीन राजा वीरेन्द्रले बहुदलीय व्यवस्था पुनर्स्थापनाको घोषणा गरे । विसं २०४८ बैशाख २९ मा प्रतिनिधिसभाको निर्वाचन भयो । नेपाली कांग्रेसको बहुमतको सरकार बन्यो । मुलुकमा स्थिर सरकारको अपेक्षा गरियो । त्यस अवधिमा देशले आठ प्रतिशतसम्मको उच्च आर्थिक वृद्धिदर हासिल पनि गऱ्यो, तर राजनीतिक खिचातानी र दलहरूबिचको कलहका कारण शासनव्यवस्था स्थिर रहन सकेन ।

यही अस्थिरताका बिच मुलुकमा नेकपा (माओवादी) ले सशस्त्र विद्रोह (जनयुद्ध) सुरु गऱ्यो । विसं २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको सपरिवार वंश विनाश हुने गरी दरबार हत्याकाण्ड भयो । त्यसपछि वीरेन्द्रकै माइला भाइ ज्ञानेन्द्र शाहलाई राजा घोषणा गरियो । राजा भएको छोटो समयमै शाहद्वारा जननिर्वाचित सरकारलाई अपदस्थ गर्दै विसं २०६१ माघ १९ गते शासनसत्ता पूर्णरूपमा कब्जा गरियो । सत्ता लिने शाही घोषणासँगै देशभर टेलिफोन, मोबाइल र इन्टरनेट सेवा बन्द गरिए भने प्रेस स्वतन्त्रतामाथि कडा धावा बोलियो । परिणामस्वरूप तत्कालीन सात संसदवादी दलहरू सडक आन्दोलनमा उत्रिए भने माओवादी विद्रोह पनि उत्कर्षमा पुग्यो । अन्ततः सडक र जङ्गलमा रहेका दुवै राजनीतिक शक्ति एकै ठाउँमा उभिने वातावरण बन्यो र दलहरूबिच १२ बुँदे समझदारी भयो । यसले देशमा बृहत् शान्तिपूर्ण आन्दोलनको आँधीबेहरी सिर्जना गऱ्यो । विसं २०६२ चैतमा सुरु भएको यो जनआन्दोलन २०६३ बैशाख ११ गते उत्कर्षमा पुग्यो र तत्कालीन राजा ज्ञानेन्द्रद्वारा संसद् पुनर्स्थापनाको घोषणा भयो । पुनर्स्थापित संसद्ले राजाका सैन्य तथा राजनीतिक अधिकार कटौती गऱ्यो । यसरी मुलुकमा नयाँ राजनीतिक परिवेश निर्माण भयो र सोही जगमा ऐतिहासिक संविधान सभा निर्वाचनको घोषणा गरियो ।

**जनताको सर्वोच्चता कायम**

विसं २०६४ चैत २८ गते पहिलो संविधान सभा निर्वाचनमा सशस्त्र विद्रोहबाट शान्तिपूर्ण राजनीतिमा आएको तत्कालीन नेकपा (माओवादी) सबैभन्दा ठुलो राजनीतिक दल (कुल ६०१ मध्ये २२० सिट) का रूपमा उदायो । विसं २०६५ जेठ १५ गते नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बसेको संविधान सभाको पहिलो ऐतिहासिक बैठकमा ज्येष्ठ सदस्य कुलबहादुर गुरुङद्वारा गणतन्त्र कार्यान्वयनसम्बन्धी प्रस्ताव पेस भयो । संविधान सभाबाट पारित प्रस्तावमा भनिएको छ- "सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी नेपाल आजैका मितिदेखि एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको यो पहिलो बैठक घोषणा गर्दछ ।"

कुल ६०१ सदस्यीय संविधानसभाका सदस्यमध्ये बैठकमा उपस्थित कुल ५६४ सदस्यमध्ये ५६० जनाले गणतन्त्रका पक्षमा र राष्ट्रिय प्रजातन्त्र पार्टीका चार जना सदस्यले विपक्षमा मतदान गरे । यो ऐतिहासिक घोषणासँगै नेपालमा शताब्दीऔँ पुरानो राजतन्त्रको ठाउँ गणतन्त्रले लियो । संविधान सभाको उक्त ऐतिहासिक निर्णयलाई सहज रूपमा स्वीकार गर्दै निलम्बित अवस्थामा रहेका तत्कालीन राजा ज्ञानेन्द्र शाहद्वारा विसं २०६५ जेठ २९ गते नारायणहिटी दरबारमा पत्रकार सम्मेलन आयोजना गरी बहिर्गमनको घोषणा भयो ।

पत्रकार सम्मेलनमा शाहले ऐतिहासिक राजमुकुट (श्रीपेच) नेपाली जनतालाई सुम्पिएको घोषणा गर्दै "परम्परागत रूपमा शाहवंशीय राजाहरूबाट प्रयोग भई शाहवंशको विरासतका रूपमा रहेको श्रीपेच र राजदण्ड चिरकालपर्यन्त सुरक्षित राख्ने गरी संरक्षणका लागि आजैका मितिमा नेपाल सरकारको जिम्मामा रहने गरी मैले हस्तान्तरण गरेको छु (गोरखापत्र, २०६५ जेठ ३० गते, पहिलो पृष्ठ) ।" यो ऐतिहासिक प्रक्रियासँगै नेपालमा २४० वर्ष लामो शाहवंशीय राजतन्त्रको औपचारिक अन्त्य भयो । सुरुमा राजाले दरबार नछाड्ने र देश फेरि रक्तपाततर्फ धकेलिने हो कि भन्ने आशङ्का व्याप्त थियो तर शाहले शान्तिपूर्ण रूपमा श्रीपेच नेपाल सरकारलाई बुझाएर राजदरबार त्यागिदिए । गणतन्त्रमा जनताको मत नै सर्वोपरि हुन्छ र तत्कालीन राजाले पनि जनमत तथा संविधान सभाको निर्णयलाई सम्मान गरेको देखिन्छ । पछि दोस्रो संविधान सभाबाट विसं २०७२ असोज ३ गते 'नेपालको संविधान' जारी भयो, जसले नेपालको गणतन्त्रलाई पूर्णरूपमा संस्थागत गर्ने ऐतिहासिक अवसर प्रदान गऱ्यो । संविधान सभाले जारी गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली अनुसार तीन वटा प्रतिनिधि सभा तथा दुई/दुई वटा प्रदेश सभा र स्थानीय तहका निर्वाचन भए । यसले संविधानमा व्यवस्था भएको समावेशी प्रतिनिधित्वलाई व्यवहारमा उतार्न सफलता मिल्यो ।

**युगान्तकारी परिवर्तन**

नेपालको राजनीतिक इतिहासमा युगान्तकारी परिवर्तनका रूपमा स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रले शासनव्यवस्थामा नागरिकको सर्वोच्चता कायम गऱ्यो र सताब्दिऔँ पुरानो केन्द्रीकृत राज्यसत्ताको स्वरूपलाई नै फेरिदियो । यसको सबैभन्दा ठुलो सफलता भनेको किनारमा पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम र पिछडिएका क्षेत्रका नागरिकलाई राज्यको मूल प्रवाहमा ल्याउनु हो । राज्यका हरेक अङ्ग, नीति निर्माणको माथिल्लो तहदेखि स्थानीय सरकारसम्म समावेशी प्रतिनिधित्वलाई कानुनी रूपमै अनिवार्य गरिएको छ । यसैको सुखद परिणामस्वरूप आज सङ्घीय संसद् र स्थानीय तहमा महिलाको ३३ प्रतिशतभन्दा बढी अर्थपूर्ण सहभागिता सुनिश्चित भएको छ, यसले नेपाली समाजको परम्परागत शक्ति सन्तुलनलाई जगैदेखि बदलिदिएको छ ।

सङ्घीयताको कार्यान्वयनसँगै काठमाडौँको सिंहदरबारमा सीमित अधिकार र स्रोत अहिले सात प्रदेश र ७५३ स्थानीय तहका माध्यमबाट जनताको घरदैलोमा पुगेको छ । आवधिक निर्वाचनले गणतन्त्रको जगलाई तल्लो तहसम्म बलियो बनाएका छन् । अहिले स्थानीय सरकारहरू आफैँले कानुन बनाउने, बजेट विनियोजन गर्ने र जनताका दैनिक समस्यालाई आफ्नै आँगनमा समाधान गर्ने अभ्यासमा अघि बढिरहेका छन् । यो अभ्यासले 'राजा होइन, जनता नै देशको मालिक हुन्' भन्ने बलियो मनोविज्ञान र नागरिक चेतनाको विकास गराएको छ । संविधानले शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सम्प्रभुता र आवास जस्ता आधारभूत आवश्यकतालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेपछि सीमान्तकृत र उत्पीडित समुदायमा आफ्ना हक अधिकारप्रतिको चेतना अभूतपूर्व रूपमा बढेको छ । गणतान्त्रिक व्यवस्थाले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेको छ, जहाँ सञ्चार माध्यम र सर्वसाधारणले शासकवर्गका कमजोरीमाथि निर्धक्क भएर प्रश्न उठाउन सक्छन् । 'कानुनको शासन' को अवधारणा यहाँ बलियो बनेको छ । हिजो राज्यका स्रोतसाधनमा पहुँच नपाएर मौन बस्न बाध्य नागरिक आज आफ्नो हिस्सा दाबी गर्न सक्ने गरी सशक्त भएका छन् ।

**जनताकै छोराछोरी राष्ट्राध्यक्ष**

शाहवंशीय राजतन्त्रमा वंश परम्पराका आधारमा राजाका ज्येष्ठ सुपुत्र नै स्वतः राजा हुने परिपाटी थियो तर मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएयता हालसम्म तीन जना व्यक्तिले देशको सर्वोच्च तथा गरिमामय राष्ट्रप्रमुख (राष्ट्रपति) को पद समालिसक्नुभएको छ । यसै ऐतिहासिक पृष्ठभूमिमा डा. रामवरण यादव सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो राष्ट्रपतिमा निर्वाचित हुनुभयो । पेसाले चिकित्सक डा. यादव नेपाली राजनीतिमा लामो समयसम्म क्रियाशील रहँदै देशको पहिलो निर्वाचित राष्ट्रपति बन्नुभएको हो । त्यसै गरी विद्यादेवी भण्डारी नेपालको दोस्रो तथा देशकै इतिहासमा पहिलो महिला राष्ट्रपति बन्नुभयो । उहाँ दुई कार्यकालका लागि यस गरिमामय सर्वोच्च पदमा निर्वाचित हुनुभयो । हाल रामचन्द्र पौडेल नेपालको तेस्रो राष्ट्रपतिका रूपमा निर्वाचित भई राष्ट्रको अभिभावकत्व ग्रहण गरिरहनुभएको छ । उहाँहरू सामान्य नागरिक पृष्ठभूमि (जनताका छोराछोरी) बाट देशको सर्वोच्च पदमा पुग्न सफल हुनुभएको हो । यसले गणतन्त्रमा आमजनता नै राज्यको शक्ति र अवसरको केन्द्र हुन् भन्ने सत्यलाई व्यावहारिक रूपमै प्रमाणित गरेको छ ।

**जेनजी विद्रोह र सत्ता परिवर्तन**

विसं २०६३ देखि २०८२ भदौ २६ गतेसम्म तीन ठुला दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा माओवादीका तीन शीर्ष नेतात्रय शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' नै आलो पालो गरी सत्तामा रहनुभयो । यस अवधिमा २०७२ को विनाशकारी भूकम्प र कोभिड-१९ बाट पनि देश थला पऱ्यो । राज्य सञ्चालकबाट भएका कमजोरी र प्राकृतिक विपत्तिका कारण जनताका अपेक्षित चाहना पूरा हुन सकेनन् ।

राजनीतिक दलमा इमानदारीको कमी, नागरिकमा चेतना र युवापुस्तालाई देश निर्माणमा समेट्ने ठोस योजना आउन सकेन । 'देशभन्दा पार्टी माथि, पार्टीभन्दा कार्यकर्ता माथि' भन्ने जस्तो व्यवहारमा देखियो । हरक्षेत्रमा दलीय करण भयो । नागरिकमा शासकप्रति असन्तुष्टि बढ्यो । फलस्वरूप २०८२ भदौ २३ गते नवयुवाको विद्रोह भयो । त्यस दिन १९ जना (पछि निधन हुनेको संख्या २३) जना युवाको निधन भयो र भदौ २४ गते उत्तेजित समूहले सिंहदरबार, भर्खरै निर्माण सम्पन्न भएको मन्त्रीनिवास, सङ्घीय संसद् भवन रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, राष्ट्रपति भवनलगायत संरचनामा आगजनी भयो । तत्कालीन नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा तथा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको निवासमा आगजनी मात्र भएन, उहाँहरूमाथि कुटपिट नै भयो । कांग्रेसका युवा नेताका घरदेखि कतिपय पार्टी कार्यालय जले । पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' घर छाडेर बाहिरिन बाध्य हुनु पऱ्यो, निवासमा आगजनीसमेत भयो । काठमाडौँ उपत्यकासहित देशका मुख्य शहरमा कर्फ्यु जारी गरियो । प्रधानमन्त्री निवास बालुवाटारबाट तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली हेलिकोप्टर चढेर बाहिरिनु पऱ्यो । धेरै प्रहरी कार्यालय र भौतिक संरचना जलेर नष्ट भए । त्यसबाट ८४ अर्ब ४५ करोड बराबरको क्षति भयो भने २३ र २४ गते गरी ७६ जनाको ज्यान गयो ।

नवयुवा (जेनजी) को असन्तुष्टि बढ्नुका धेरै कारण छन् । त्यतिबेला नै विस्फोट हुनुको मुख्य कारण चाहिँ सरकारले नेपालमा दर्ता नभएका सामाजिक सञ्जाल बन्द गर्ने निर्णयप्रतिको आक्रोश थियो । त्यही असन्तुष्टि सडकमा पोखियो । निर्वाचित सरकार विस्थापित भयो । युवा विद्रोहको जगमा पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्रीमा नियुक्त गरियो । प्रतिनिधि सभा विघटन भयो । विसं २०८२ फागुन २१ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुई तिहाइ स्थान (प्रत्यक्ष १२५ र समानुपातिक ५७ गरी १८२ सिट) मा विजय हासिल गर्दै वरिष्ठ नेता ३६ वर्षीय वालेन्द्र शाह देशको प्रधानमन्त्री हुनुभयो । समावेशी प्रावधान र वर्तमान निर्वाचन प्रणालीका कारण नेपालमा अब कुनै पनि राजनीतिक दलले एक्लै स्पष्ट बहुमत प्राप्त गर्न सक्दैनन् भन्ने जुन भाष्य निर्माण भएको थियो, त्यसलाई निर्वाचन परिणामले असत्य साबित गरिदियो । विसं २०७४ बैशाख ३१ भएको स्थानीय तहको निर्वाचनदेखि हालसम्म भएका आवधिक निर्वाचनले नेपालमा गणतन्त्रको जगलाई दिगो र थप बलियो बनायो ।

**लोककल्याणकारी राज्य**

नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीले नेपालको लोककल्याणकारी गणतन्त्रको जगलाई थप जनमुखी, व्यावहारिक र न्यायपूर्ण बनाउन कोसेढुङ्गाको काम गर्ने विश्वास गरिएको छ । राजनीतिक व्यवस्था परिवर्तन भए पनि नागरिकको अवस्था बदलिएन भन्ने जनगुनासोलाई सम्बोधन गर्दै यी कार्यसूचीले स्वास्थ्य, शिक्षा, सामाजिक न्याय र सुशासनका क्षेत्रमा ठोस रूपान्तरणको मार्गचित्र प्रस्तुत गरेको छ । गणतन्त्रको मूल मर्म सबै नागरिकलाई सम्मान र अवसर दिनु हो । दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायमाथि भएका विभेद र अवसरबाट वञ्चित भएका लागि राज्यका तर्फबाट औपचारिक क्षमायाचना गर्ने र सुधारमुखी कार्यक्रम घोषणा गर्ने कदमले लोककल्याणकारी राज्यको दायित्व पुष्टि गर्छ । यसका साथै 'जेनजी आन्दोलन' का सहिद परिवार तथा घाइतेका लागि रोजगारी, सीप विकास र पुनर्स्थापना सहायताको प्याकेज घोषणा गरिएको छ । त्यस घोषणाले राज्य र नागरिकबिच ऐतिहासिक मेलमिलाप र विश्वासको नयाँ जग बसाल्छ ।

सङ्घीय मन्त्रालयको संख्या २२ बाट घटाएर १८ मा झार्ने निर्णय भई कार्यान्वयनमा आएको छ । यस्ता मितव्ययी नीति र यी सम्पूर्ण जनपक्षीय कार्यसूचीको अक्षरशः कार्यान्वयनले नै नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई साँचो अर्थमा न्यायपूर्ण, समृद्ध र लोककल्याणकारी व्यवस्थामा रूपान्तरण गर्ने निश्चित छ । गणतन्त्र भनेको केवल राजाको ठाउँमा राष्ट्रपति आउनु वा नयाँ राजनीतिक व्यवस्था स्थापना हुनु मात्र होइन, यो त राज्यको त्यो चरित्र हो, जसले देशका हरेक नागरिक विशेष गरी आर्थिक र सामाजिक रूपमा पछाडि पारिएका वर्गको न्यूनतम आधारभूत आवश्यकताको ग्यारेन्टी गर्ने जिम्मेवारी आफ्नो काँधमा लिन्छ ।

**अबको मार्ग**

वंश परम्परा अन्त्य गरी सामान्य नागरिकका छोराछोरी मुलुकको सर्वोच्च राष्ट्रप्रमुख बन्न सक्ने स्थिति सिर्जना हुनु र राज्यका हरेक अङ्गमा सीमान्तकृत समुदायको ३३ प्रतिशतभन्दा बढी अर्थपूर्ण सहभागिता सुनिश्चित हुनु गणतन्त्रका गौरवपूर्ण उपलब्धि हुन् । करिब दुई दशक लामो यस गणतान्त्रिक अभ्यासले राजनीतिक र सामाजिक रूपमा ठुलो परिवर्तन ल्याए पनि नागरिकका अपेक्षा अझै सम्बोधन हुन बाँकी छन् । शासकीय संस्कारमा अपेक्षित सुधार आउन नसक्नु, शासकमा पुरानो सामन्ती सोंच र विलासिताको मोह देखिनु, भ्रष्टाचार, सुशासनको अभाव र सेवा प्रवाहमा ढिलासुस्ती हुनु गणतन्त्रका प्रमुख चुनौती हुन् । राजनीतिक रूपमा समावेशीकरणको एजेन्डा स्थापित भए पनि यस उपलब्धिलाई सुशासन, तीव्र आर्थिक समृद्धि र देशभित्रै पर्याप्त रोजगारी सिर्जनासँग जोड्न नसक्दा लाखौँ युवा रोजगारीका लागि विदेश पलायन भए साथै केन्द्र र प्रदेशबिच अधिकार बाँडफाँट र स्रोत परिचालनमा अझै केही अस्पष्टता र द्वन्द्व बाँकी छन् ।

अतः गणतन्त्रलाई अझ जनमुखी र दिगो बनाउन शासकीय ढिलासुस्ती र भ्रष्टाचार अन्त्य गर्दै राजनीतिक परिवर्तनको प्रतिफललाई प्रत्येक नागरिकको भान्छा र जीवनस्तरसम्म पुऱ्याउनु नै आजको मुख्य आवश्यकता हो । गणतन्त्रको सार्थकता सिंहदरबारको अधिकार गाउँसम्म पुग्नुमा मात्र होइन, प्रत्येक नागरिकको भान्सा, शिक्षा, स्वास्थ्य र रोजगारमा गुणात्मक सुधार आउनुमा रहन्छ ।

सङ्घीय कानुनहरू निर्माण गरी संविधानको सफल कार्यान्वयन गर्नु, दलीय हस्तक्षेपमुक्त सुशासन कायम गर्नु र रैथाने स्रोतसाधनको अधिकतम उपयोगमार्फत् आत्मनिर्भर अर्थतन्त्रको निर्माण आजको आवश्यकता हो । सरकारले लोककल्याणकारी राज्यको अवधारणा अघि सारेको छ । यही बाटोबाटै लोककल्याणकारी गणतन्त्रको संस्थागत विकास सम्भव छ । इतिहासको गौरव र वर्तमानको चुनौतीलाई आत्मसात् गर्दै युवापुस्ताको ऊर्जा र शासकीय सुधारको यो नयाँ मार्गचित्रले नै नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई साँचो अर्थमा न्यायपूर्ण, समृद्ध र दिगो बनाउने छ । तब मात्र सहिदहरूको सपना र आमनेपालीको समृद्ध मुलुकको चाहना साकार हुनेछ । गोपबाट

# नेपाल परिवार नियोजन संघ पाल्पाद्वारा बिहानी र सन्ध्याकालीन क्लिनिक सञ्चालन




पाल्पा। नेपाल परिवार नियोजन संघ तानसेन पाल्पाले स्थानीय नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यका साथ सेवा विस्तार गरेको छ। सर्वसाधारणको बदलिँदो जीवनशैली र व्यस्ततालाई मध्यनजर गर्दै संस्थाले नियमित कार्यालय समय बाहेक बिहान र साँझको समयम समेत क्लिनिक सेवा सुरु गरेको छ।

दिनभर घरायसी काम, जागिर वा व्यवसायमा व्यस्त रहने सेवाग्राहीहरू समय अनुकल स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नेपाल परिवार नियोजन संघ पाल्पाले बिहान र बेलुकाको समयमा क्लिनिक सञ्चालन गर्ने नौलो अभ्यास थालेको हो। कार्यालयमा काम गर्ने कर्मचारीदेखि उद्योगी व्यापारीहरुको लागि तथा दिउँसोमा समय निकाल्न नसक्नेहरूका लागि बिहानी तथा सन्ध्याकालीन क्लिनिक प्रभावकारी हुने तानसेन ४ की शर्मिला थापाले बताइन्।

विपन्न तथा पहुँचविहीन नागरिकलाई लक्षित गरी नेपाल परिवार नियोजन संघ पाल्पाले यौन रोग उपचारदेखि जटिल प्रकृतिका क्यान्सर स्क्रिनिङसम्मका सेवाहरू एउटै स्थानबाट उपलब्ध गराउँदै आएको छ। सेवाग्राहीले प्रजनन् स्वास्थ्यसम्बन्धी सामान्य स्वास्थ्य परीक्षणदेखि अत्याधुनिक प्रयोगशाला परीक्षण सेवा नेपाल परिवार नियोजन संघबाट पाउँदै आएका छन्।

पछिल्लो समय महिलाहरूमा पाठेघरको मुखको क्यान्सर मुख्य स्वास्थ्य चुनौतीका रूपमा देखा परिरहेको अवस्थामा संस्थाले विशेष रोकथाम तथा उपचार सेवा गर्दै आएको छ। संस्थाले पाठेघरको मुखको क्यान्सर पहिचानका लागि भिआए टेस्ट सेवा समेत कार्यालयबाट प्रदान गर्दै आएको छ।

संघले प्रारम्भिक जाँचमा समस्या देखिएका बिरामीहरूका लागि रोकथाम र उपचारको रुपमा क्रायो थेरापी र थर्मो कोगुलेसन थेरापी सेवा समेत प्रदान गर्दै आएको छ। यो सेवाले विपन्न महिलाहरू उपचारका लागि महँगा निजी अस्पताल वा जिल्लाबाहिर जानुपर्ने बाध्यता हटाइदिएको छ। यसै गरी, युवा तथा किशोरावस्थाको प्रजनन् स्वास्थ्यलाई प्राथमिकतामा राख्दै संस्थाले किशोर-किशोरीमैत्री परामर्श तथा प्रजनन् स्वास्थ्य सेवा सञ्चालन गर्दै आएको छ।

स्वास्थ्य क्षेत्रमा गोप्यता र परामर्शको ठुलो महत्व हुने भएकाले संस्थाले स्वेच्छिक रूपमा एच.आई.भी. परामर्श तथा परीक्षण सेवा समेत सञ्चालनमा ल्याएको छ। यसका साथै, विशेषज्ञबाट मात्र गर्भपतन, जाँच तथा अत्याधुनिक भिडियो एक्सरे (अल्ट्रासाउण्ड) सेवा समेत सुचारु रहेको छ। यौन रोगबाट ग्रसित बिरामीहरूका लागि विशेष र गोप्य 'यौन रोग उपचार सेवा' समेत संस्थाको प्राथमिकतामा रहेको छ।

हाम्रो मुख्य उद्देश्य नागरिकलाई घरदैलोमै विशेषज्ञ र भरपर्दो स्वास्थ्य सेवा दिनु हो, कार्यालय समयमा व्यस्त रहने कर्मचारी, उद्योगी, व्यापारी तथा सर्वसाधारणलाई 'बिहानी तथा सन्ध्याकालीन क्लिनिक' समेत सञ्चालनमा ल्याएका छौँ, यो सेवाले गर्दा आपतकालीन स्वास्थ्य समस्यामा बाहेक कसैले पनि काम छोडेर स्वास्थ्य उपाचार जानुपर्ने बाध्यता हटेको संघका कार्यालय प्रमुख शोवाकान्त न्यौपानेले बताए।

आम नागरिकको लागि अधिकांश सेवाहरु निःशुल्क र केही न्यून सेवा शुल्कमा स्वास्थ्य सेवा प्रवाह गर्दै आएको संस्थाका कोषाध्यक्ष माधव अर्यालले बताए। प्रयोगशाला, भिडियो एक्सरे र क्यान्सर रोकथामका थेरापीहरूलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने बजेट तथा व्यवस्थापकीय पाटोमा कार्यसमिति लागिपरेको संघका कोषाध्यक्ष माधव अर्यालले बताए। संघले विशेषज्ञ सेवाहरू, सेवाग्राही अनुकुल समयमा सहजरुपमा स्वास्थ्य सेवा उपलब्ध दिन थालेपछि आमनागरिकहरु उत्साहित भएका छन्। संघले नागरिकलाई नियमित रुपमा स्वास्थ्य परीक्षण गरी सम्भावित जोखिमबाट बच्न अनुरोध गरेको छ।

संघले वि.सं. २०५४ सालदेखि पाल्पा जिल्लामा निरन्तर रूपमा सेवा प्रदान गर्दै आएको छ। संघले तानसेनको मुख्य कार्यालय माथागढी गाउँपालिका-३, कसेनीमा र सामुदायिक क्लिनिक बगनासकाली गाउँपालिका-८, बराङ्दीमा साप्ताहिक क्लिनिक, यसका अतिरिक्त, तानसेन नगरपालिका, माथागढी, रिब्दीकोट तथा बगनासकाली गाउँपालिकाहरूमा सामुदायिक परामर्शदाता तथा प्रजनन् स्वास्थ्य स्वयंसेविकामार्फत् सेवा प्रवाह भइरहेको छ। जिल्लाका सम्पूर्ण स्थानीय तहहरूसँगको समन्वय तथा स्वास्थ्य कार्यालयको सहकार्यमा स्थायी बन्ध्याकरण सेवा, पाठेघरको मुखको क्यान्सर परीक्षण (स्क्रिनिङ) शिविरहरू सञ्चालन गरी जिल्लाभरि प्रभावकारी रूपमा सेवा प्रदान गर्दै आएको छ।

# बास नपाएपछि सयौँ पर्यटक फर्किए



ढोरपाटन। लगातार चार दिन बिदा हुँदा ढोरपाटन उपत्यकामा पर्यटक बढेका छन्। एकै दिन सयौँको संख्यामा आन्तरिक पर्यटक पुगेपछि होटल भरिभराउ भएका छन्। कतिपय पर्यटकहरु होटलमा कोठा नपाएर फर्कनुसमेत परेको छ।

बिहीबारदेखि बिदा भए पनि बुधबारबाटै ढोरपाटनका होटल भरिएका थिए। एकै दिन सयौँको संख्यामा पर्यटक आउँदा होटलमा व्यवस्थापनमा समस्या भएको ढोरपाटन उपत्यका होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले बताए। ढोरपाटनमा २७ वटा होटल र १२ वटा घरबास (होमस्टे) छन्।

पछिल्लो समय ढोरपाटनको प्रचार व्यापक हुँदा एक/दुई दिन बिदा हुँदा साथ पर्यटक आउने गरेको अध्यक्ष पुनले जनाए। गत जेठ १२ गतेबाटै सम्पर्क गरेर आएका पाहुनालाई होटल व्यवसायीले राखे पनि अरूले बास पाउन नसकेको उनको भनाइ छ।

"एकै पटक लामो बिदा भएर होला पाहुन थामिनसक्नु आउनुभएको छ, वरपरका खाली घरहरु पनि भएका छन्, होटल, होम स्टे कुनै पनि खाली छैनन्," अध्यक्ष पुनले भने- "मेरो सम्पर्कमा आएकै करिब एक सय जना पर्यटकले बास नपाएर फर्किनुभयो, अरू व्यवसायी साथीहरुको सम्पर्कमा आउनुभएका पाहुना पनि धेरैनै फर्किनु पऱ्यो, अब ढोरपाटन आउने पाहुनाले होटलको अवस्था बुझेर मात्रै आउन आग्रह गर्छौं।"

ढोरपाटनमा एक रातमा ७०० जना पाहुन राख्न सक्ने होटल तथा होमस्टेको क्षमता छ। तर त्योभन्दा झन्डै दोब्बर बढी पर्यटक आउँदा होटल व्यवस्थापन गर्न समस्या भएको होटल व्यवसायी शिवराज कँडेलले बताए। अरू बेला पनि पर्यटक आइरहेको भन्दै अहिले बिदाले गर्दा एकै दिन हजार बढी पर्यटक ढोरपाटनमा आएको उनको भनाइ छ।

आफूले ८० जना पाहुना राखेको सुनाउँदै २०० जनालाई अन्य होटलमा पठाउनु परेको उनले बताए। यतिबेला पर्यटकको भीडभाड हुँदा ढोरपाटनमा मेला लागेजस्तो भएको उनको भनाइ छ। आएका पाहुनालाई फर्काउने चाहना नहुँदा नहुँदै पनि फर्काउन बाध्य भएको कँडेल बताउँछन्।

पछिल्लो समय बुर्तिबाङ-ढोरपाटन सडक व्यवस्थित बनेपछि यहाँ आउने पर्यटकको संख्या ह्वात्तै बढेको हो। बुर्तिबाङ बजारदेखि करिब एक घण्टामै ढोरपाटन पुग्न सकिने हुँदा पर्यटकको आकर्षण बढ्दै गएको छ। गत वर्षसम्म सडकको दूरावस्था थियो।

गुल्मीबाट शुक्रबार दिउँसो ढोरपाटन घुम्न पुग्नुभएका महेश खड्काले होटल नपाएपछि बुर्तिबाङ बजार झरेर बस्नु परेको सुनाए। १३ जनाको समूहमा तीन दिन घुम्ने योजनासहित आएको भन्दै होटलमा बास नपाएपछि एकै दिनमा फर्किनु परेको गुनासो उनले गरे। बिहीबार ढोरपाटन पुगेकाहरुले मात्रै होटल पाएको खड्काले बताए।

ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले यो याममा बेँसी क्षेत्रमा गर्मी हुने हुँदा ढोरपाटनमा शीतलता खोज्दै धेरै पर्यटक आउने गरेको बताए। एकै पटक पर्यटक आउँदा खाना, बस्न र अन्य व्यवस्थापनमा समस्या हुने भन्दै होटल व्यवसायीसँग सम्पर्क गरेर मात्रै ढोरपाटन आउन कायतले आग्रह गरेका छन्।

# नेपाल चिकित्सकहरूको सम्मेलन सुरु

चितवन। नेपाल चिकित्सक सङ्घको आयोजनामा चितवनमा 'अल नेपाल मेडिकल कन्फ्रेन्स 'एनएमए कन २०२६' सुरु भएको छ। आइतबारसम्म सञ्चालन हुने सम्मेलन बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा सुरु भएको हो।

सङ्घका अध्यक्ष डा. अनिलविक्रम कार्कीका अनुसार सम्मेलनमा नेपालसहित भारत र चीनका विशेषज्ञ चिकित्सकहरु, नर्स र स्वास्थ्यकर्मीहरु सहभागी भएका छन्। यसैगरी, विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिहरु कार्यक्रममा सहभागी भएका छन्। साथै स्वास्थ्य मन्त्रालय र बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयका प्रतिनिधि सहभागी छन्।

सङ्घका चितवन जिल्ला सचिव डा. महेन्द्र अग्रहरिका अनुसार प्यानल छलफल सुरु भएको छ। तीन वटा सभाकक्षमा छुट्टाछुट्टै छलफल भएको उनले जानकारी दिए।

यसैगरी, कार्यपत्र प्रस्तुतीकरण र रोगकाबारेमा अनुसन्धात्मक कार्यप्रगति प्रस्तुतीकरण भइरहेका छन्। कार्यपत्र ४० र कार्यप्रगति ३० वटा रहेका छन्। शनिबार बिहानदेखि प्राविधिक सत्र सुरु भएको सम्मेलनको आइतबार बिहान औपचारिक उद्घाटन कार्यक्रम हुनेछ।

कार्यक्रममा देशभरबाट ३५० जना सहभागी छन्। सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बीमा र मानव संसाधन व्यवस्थापन जस्ता विषयमा विशेष सत्रहरू सञ्चालन गरिएको उनको भनाइ छ।

हरेक दुई/दुई वर्षमा हुँदै आएको यो कार्यक्रम बाह्र वर्षयता तीन/तीन वर्षमा गर्न थालिएको छ। यस वर्षको सम्मेलनको मूल नारा 'आधुनिक, सुलभ, किफायती र समान स्वास्थ्य सेवाका लागि नवप्रवर्तनमार्फत् प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण' भन्ने रहेको छ। नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धी चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल थालिएको छ।

सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कारहरूलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक सत्रहरु सुरु भएका छन्।

कार्यक्रममा स्वास्थ्य सचिव डा. विकास देवकोटालगायत सरकारी निकायका अधिकारीहरु पनि सहभागी छन्।

# अभिभावकसँग मन्टेश्वरी कक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न



गुल्मी। गुल्मीको सत्यवती गाउँपालिका वडा नं. ३ धर्मपुर माध्यमिक विद्यालयमा अभिभावकसँग मन्टटेश्वरी कक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। मन्टेश्वरीमा आधारित बालमैत्री तथा व्यवहारिक सिकाइ प्रणालीमा रूपान्तरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको उक्त अभिमुखीकरण कार्यक्रममा धर्मपुर माध्यमिक विद्यालयका अभिभावकहरुलाई सहभागी गराइएको थियो।

मन्टेश्वरी शिक्षक तथा प्रशिक्षक पासाङ्ग सिञ्जालीको परिकल्पनामा सञ्चालन गरिएको अभिमुखीकरण कार्यक्रमले सामुदायिक विद्यालयहरूलाई स्थानीय स्रोत-साधनहरूको अधिक्तम प्रयोग गरेर कम लागतमा मन्टेश्वरी विधि कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ। उक्त कार्यक्रमले अभिभावकीय भावनाको विकास गर्दै अभिभावकहरूलाई मन्टेश्वरी शिक्षा, बालमैत्री वातावरण तथा विद्यालय-घर सहकार्य गर्नमा सहयोग पुऱ्याउने प्रशिक्षक सिञ्जालीले विश्वास गरे।

विशेषगरी प्रयोगमा आधारित सञ्चालन गरिएको उक्त तालिमा सामुदायिक विद्यालयमा बालमैत्री शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रशिक्षक सिञ्जालीले शिक्षकहरुलाई प्रशिक्षण दिनेछन्। हरेक सामुदायिक विद्यालयहरुमा बालमैत्री शिक्षण सिकाईलाई प्रभावकारी बनाउन स्थानीय तहको आर्थिक सहयोगमा व्यबसायिक तालिम सञ्चालन गरिने योजना रहेको प्रशिक्षक सिञ्जालीले बताएका छन्।

मोन्टेश्वरीमा आधारित ई सि डि व्यावहारिक प्रशिक्षण पाइलट कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको उक्त अभिमुखीकरण कार्यक्रमपश्चात् १० जना प्रशिक्षार्थी शिक्षकहरुलाई विद्यालयको कक्षाकोठामा आधारित अभ्यास तथा प्रशिक्षण एकीकरण (Classroom–based practice - training integration) योजनालाई प्रयोगमा लिइने छ।

विशेषगरी अभिमुखीकरण कार्यक्रमले स्थानीय श्रोत साधनहरुको अधिक्तम उपयोग गरेर शैक्षिक सामग्रीको निर्माण र विद्यार्थीहरूसँगै प्रत्यक्ष अभ्यास गर्दै कक्षा व्यवस्थापन गरी विद्यालयको शैक्षणिक कार्यकलापलाई प्रभावकारी बनाउने विधि सिकाइने छ। उक्त अभिमुखीकरण कार्यक्रममा सत्यवती ३ ठूलो लुम्पेकका १० सामुदायिक विद्यालयका १० शिक्षकहरु समेत सहभागि रहेका छन् भने ७ जना स्थानीय महिलाहरुलाई निःशुल्क मन्टेश्वरी तालिममा सहभागी गराइएको छ।

यस तालिम पश्चात सत्यवती गाउँपालिका भरिनै मन्टेश्वरी प्रणालीमा आधारित बालमैत्री शिक्षण सिकाइ तालिम सञ्चालन गर्न सत्यवती गाउँपालिकाले आगामी आर्थिक वर्षमा आवश्यक बजेट व्यवस्था गरी आर्थिक तथा संस्थागत सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

**श्री ओम सतिया माध्यमिक विद्यालय**
ओमसतिया गा.पा.-५ गौरी, रूपन्देही

**गा.पा अनुदान शिक्षक आवश्यकता सम्बन्धी सूचना**

मिति: २०८३।०२।१७

यस श्री ओमसतिया माध्यमिक विद्यालय ओमसतिया ५ गौरी, रुपन्देहीमा तपसिलका गा.पा अनुदान शिक्षक पदहरुमा ओमसतिया गा.पा. बाट सेवा सुविधा प्राप्त गर्ने गरी मा.वि. अनुदान गणित र नि.मा.वि. अनुदान नेपाली शिक्षकको आवश्यकता परेकोले योग्य नेपाली नागरिकबाट आवश्यक कागजात सहित दरखास्तका लागि आह्वान गरिन्छ।

- विज्ञापन : ०३।०८२।८३
- संख्या : १ जना
- पद : मा.वि. गा.पा अनुदान
- विषय : गणित
- शैक्षिक योग्यता : बी.एड वा सो सरह
- परीक्षा दस्तुर : २,००० (दुई हजार )
- उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
- तलब : ओमसतिया गा.पा ले तोके बमोजिम
- दरखास्त दिने अन्तिम मिति : २०८३।०२।२७ गते
- सर्म्पक मिति :- २०८३।०२।२८ गते
- परीक्षाको किसिम :- लिखित, अन्तवार्ता र कक्षा अवलोकन
- आवश्यक कागजातहरु :
  - हस्तलिखित निवेदन १ प्रति फोटो सहित
  - नेपाली नागरिकताको प्रतिलिपी १ प्रति
  - शैक्षिक योग्यताको प्रमाण पत्रहरु प्रतिलिपी १ प्रति
  - मा.वि को स्थायी अध्यापन अनुमति पत्रको १ प्रति

- विज्ञापन :०४।०८२।८३
- संख्या : १ जना
- पद : नि.मा.वि गा.पा अनुदान
- विषय : नेपाली
- शैक्षिक योग्यता :- आई.एड वा सो सरह
- परीक्षा दस्तुर : १,५०० (पन्ध्र सय)
- उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
- तलब : ओमसतिया गा.पा ले तोके बमोजिम
- दरखास्त दिने अन्तिम मिति : २०८३।०२।२७ गते
- सर्म्पक मिति :- २०८३।०२।२८ गते
- परीक्षाको किसिम :- लिखित, अन्तवार्ता र कक्षा अवलोकन
- आवश्यक कागजातहरु :-
  - हस्तलिखित निवेदन १ प्रति फोटो सहित
  - नेपाली नागरिकताको प्रतिलिपी १ प्रति
  - शैक्षिक योग्यताको प्रमाण पत्रहरु प्रतिलिपी १ प्रति
  - नि.मा.वि को स्थायी अध्यापन अनुमति पत्रको १ प्रति

प्रध्यानाध्यापक

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



जलजलामा आन्तरिक पर्यटक

म्याग्दी जिल्लाको धवलागिरी गाउँपालिका -२ मा पर्ने पर्यटकीयस्थल जलजलामा पुगेका आन्तरिक पर्यटकहरू । धवलागिरी गाउँपालिकाको केन्द्र मुना-खोरिया-जलजला हुँदै ढोरपाटन सडक सञ्जालले जोडिएपछि यस क्षेत्रमा पर्यटकहरुको आगमन बढेको छ । तस्विर : रासस

# यी वस्तुमा बढ्यो अन्तःशुल्क



बुटवल । सरकारले आर्थिक विधेयक २०८३ मार्फत् विभिन्न करका दरहरुमा हेरफेर गरेको छ । आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत् विभिन्न ३६० वस्तुमा लाग्दै आएको अन्तःशुल्क खारेज गरिएको अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बताए ।

मदिरा, सुर्तीजन्य वस्तुलगायतमा भने अन्तःशुल्कका दरहरु बढेका छन् । त्यस्तै, पत्रु खाना (जङ्क फुड), रङ्गरोगन, जुसलगायतका वस्तुमा पनि अन्तःशुल्क बढेको छ । आर्थिक विधेयकअनुसार गुड, सख्खर भेलीको अन्तःशुल्क प्रतिक्वीन्टल रु १३८ बाट बढाएर रु १४० पुऱ्याइएको छ । त्यस्तै, उखुको खुदोको अन्तःशुल्क प्रतिक्विन्टल रु ११० बाट बढाएर रु ११५ पुऱ्याइएको छ ।

चिनीले छोपेको वा नछोपेको तथा मिठो लेप लगाइएको वा नलगाइएको चुइगम, कोकोको धुलो, चिनी वा गुलियो पदार्थ नहालेको चक्लेट र अरु कोको मिसिएका वस्तुको अन्तःशुल्क रु १५ बाट बढाएर रु १२ पुऱ्याइएको छ । स्पागेटी, म्याकरोनी, पास्ता जस्ता वस्तुमा प्रतिकिलो रु २० लाग्दै आएको अन्तःशुल्क बढाएर रु ३५ पुऱ्याइएको छ ।

पाउरोटी, कोको परेको पाउरोटी, क्रीप्स ब्रेड, जिन्जर ब्रेड, गुलियो बिस्कुट, केक, कुकिज, पेस्ट्री, वेफलहरु र बेफरहरुको अन्तःशुल्क रु १५ बाट बढाएर रु पुऱ्याइएको छ । कुरकुरे कुरमुरे, लेज, चिजबलजस्ता वस्तुको अन्तःशुल्क यसअघि प्रतिकिलो रु २० लाग्दै आएकामा त्यसलाई बढाएर प्रतिकिलो रु ७५ बनाइएको छ । यसअघि आलु चिप्समा प्रतिकिलो रु १८ अन्तःशुल्क लाग्दै आएकामा त्यसलाई बढाएर प्रतिकिलो रु ३० बनाइएको छ ।

विभिन्न फलफूलहरुको जुस जस्तै सुन्तलाको जुस, भोगटेको जुस, भुँइकटहरको जुस, अङ्गुरको जुस, स्याउको जुस, गोलभैँडाको जुस, आँपको जुसको अन्तःशुल्क यसअघि प्रतिलिटर १३ रुपैयाँ ५० पैसाबाट बढाएर प्रतिलिटर रु १४ बनाइएको छ । सुर्तीरहित पान मसलामा यसअघि प्रतिकिलो रु ८७५ लाग्ने गरेको अन्तःशुल्क रकम अहिले बढाएर प्रतिकिलो रु एक हजार १५० बनाइएको आर्थिक विधेयकमा उल्लेख छ ।

त्यस्तै, सूर्तीरहित सुगन्धित सुपारीको अन्तःशुल्क प्रतिकिलो रु ३७५ बाट बढाएर प्रतिकिलो रु ५०० बनाइएको छ । अल्कोहलरहित बियरमा अन्तःशुल्क प्रतिलिटर रु ४५ लाग्ने गरेकामा शतप्रतिशत बढाएर प्रतिलिटर रु ९० बनाइएको छ । इनर्जी ड्रिङ्समा अन्तःशुल्क प्रतिलिटर रु ५२ लाग्ने गरेकामा रु १२० पुऱ्याइएको छ ।

हल्का पेय पदार्थमा प्रतिलिटर रु २५ अन्तःशुल्क लाग्ने गरेकामा त्यसलाई बढाएर रु ६० बनाइएको छ । माल्टबाट बनाइएको बियरमा ५ प्रतिशतसम्म अल्कोहल भएकामा अन्तःशुल्क प्रतिलिटर रु २४० बाट बढाएर रु २५५, त्यस्तै १२ प्रतिशतदेखि १७ सम्म अल्कोहल भएको वाइनमा अन्तःशुल्क प्रतिलिटर रु ४६० लाग्ने गरेकोमा अब प्रतिलिटर ४९० पुऱ्याइएको छ ।

त्यस्तै, १७ प्रतिशतभन्दा बढी अल्कोहल भएको वाइनमा अन्तःशुल्क प्रतिलिटर रु ५३५ लाग्ने गरेकामा अब प्रतिलिटर रु ५७० बनाइएको छ । छ्याङ अर्थात् कन्ट्री बियरको अन्तःशुल्क प्रतिलिटर रु ४८ बाट प्रतिलिटर रु ५० बनाइएको छ । सेम्पेन, सेरी, मिड, पेरी साइडरलगायतका पदार्थको अन्तःशुल्क प्रतिलिटर रु ५१६ बाट घटाएर रु ४९० बनाइएको छ । त्यस्तै, १७ प्रतिशतभन्दा बढी अल्कोहल भएको जडीबुटी मिश्रित मदिरा, कक्टेलमा रु ५१६ बराबर अन्तःशुल्क लाग्ने गरेकामा त्यसलाई बढाएर रु ५७० बनाइएको छ ।

त्यसैगरी, सुर्ती भएका सिगार, सेरुट र सानो सिगारमा प्रति खिल्ली रु ३१ लाग्ने अन्तःशुल्क अहिले बढेर रु ३५ भएको छ । फिल्टर नभएको सुर्तीको चुरोट प्रति एम रु ७७८ रहेकामा बढेर रु ७८० पुगेको छ । त्यस्तै, फिल्टर भएको ७० मिमिसम्म लम्बाई भइको चुरोटको अन्तःशुल्क रु एक हजार ७९२ बाट बढेर रु एक हजार ८४५ पुगेको छ । सुर्तीजन्य वस्तु र चुरोटमा अन्तःशुल्क बढेको छ ।

त्यस्तै रङ्गलेप (पेन्ट), रङ्गरोगनका लागि चाहिने इनामेल, सडकमा चिन्ह लगाउने थर्मोप्लास्टिक पेन्टको अन्तःशुल्क रु ७ बाट बढेर रु १५ बनाइएको छ । टायलको रुपमा वा रोलमा रहेका भुई ढाक्ने वस्तु (फ्लोर कभरिङ) का लागि प्रयोग हुने वस्तुहरुको अन्तःशुल्क रु १० बाट बढाएर रु १५ पुऱ्याइएको छ ।

# फुटको संघारमा राप्रपा

बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) फुटको संघारमा पुगेको छ । अध्यक्ष राजेन्द्र लिङ्देनले स्वेच्छाचारी हिसाबले पार्टी चलाएको भन्दै लामो समयदेखि असन्तुष्ट महामन्त्री डा. धवलशम्शेर राणा नेतृत्वको समूह पार्टीबाट फुटेर बाहिरिने तयारीमा जुटेको छ ।

राणा समूहले पार्टी सञ्चालनमा नेतृत्वले चरम स्वेच्छाचारिताको प्रदर्शन गर्दै आएको तथा पार्टीको आधारभूत मान्यता र एजेन्डाहरुबाट विचलित बनेको आरोप लगाएको छ ।

पार्टीबाट राजीनामा दिन तयार मस्यौदामा जुन मान्यता र उद्देश्य लिएर राप्रपाको स्थापना भएको थियो, ती सबै नामेट पार्ने मनोवृत्ति लिङ्देन नेतृत्वमा देखिएको र राजसंस्था पुनर्स्थापनका आन्दोलनहरु तुहाउन मुल अगूवा नै अग्रसर भएको उल्लेख रहेको राणा निकट स्रोतले बताएको छ । एकता महाधिवेशनले पार्टीमा नयाँ उर्जा र सम्भावनाका ढोकाहरु खोलेको, तर मूल नेतृत्वका कारण सबै सम्भावनाहरु क्षीण हुँदै गएको असन्तुष्ट पक्षको भनाइ छ । पार्टीको वैचारिक मान्यता र आधारलाई लत्याएर पार्टीको मूल नेतृत्वले संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्वीकारेर हिंडेको आरोप पनि लगाइएको छ ।

नेतृत्वको कार्यशैली र अकर्मण्यताकै कारण प्रतिनिधिसभा निर्वाचन २०८२ मा राप्रपाका अधिकांश उम्मेदवारहरुको जमानत जफत भएको दाकी संस्थापनइतर पक्षले गरेको छ । केन्द्रीय कार्यसमिति, कार्यसम्पादन समितिलगायतका बैठकमार्फत् पटकपटक सच्चिनका लागि दबाब दिँदा पनि कुनै सुनवाइ नभएको गुनासो गरिएको छ ।

संस्थापकहरुले ठूलो चुनौती सामना गरेर राप्रपालाई वैकल्पिक प्रजातान्त्रिक शक्तिको रुपमा उभ्याएको, तर निजी लहड निर्णायक बनेको र विधान मान्नुपर्छ भन्ने नेता कार्यकर्ताहरुलाई विधान मिच्दै निरंकुश शैलीमा कारबाही गरिरहने अभियान चलाइएको असन्तुष्ट पक्षको भनाइ छ ।

संस्थापनइतरका नेताले सामूहिक राजीनामापत्रको मस्यौदा तल्लो तहसम्म पुऱ्याउने र जिल्ला-जिल्लाबाट एकैचोटी राजीनामा घोषणा हुने बताए । सामूहिक राजीनामा दिनेहरु राणाको नेतृत्वमा संगठित हुनेछन् । यो समूहले छरिएर रहेका सबै राजावादीहरुलाई समेटेर एउटा बलियो शक्ति निर्माण गर्ने उद्देश्य बोकेको छ । महामन्त्री डा. राणाले केही समयदेखि राजावादी अभियन्ता दुर्गा प्रसाईंसँग छलफल गरिरहेका छन् । छलफल सकारात्मक रहेको र प्रसाईंसँग सहकार्यको प्रवल सम्भावना रहेको दाबी गरिएको छ ।

संस्थापनइतरका एक नेताले राजसंस्थाको मुद्दा बोकेर हिँडिरहेका सबै शक्ति र समूहहरु अब राणाको नेतृत्वमा गोलबन्द हुने र चाँडै नै नयाँ पार्टी वा अभियानको घोषणा हुने बताए ।

राणा समूहले भने बढीभन्दा बढी केन्द्रीय सदस्यहरुलाई सँगै लैजान प्रयास गरिरहेको छ । राणा समूहका एक नेताले आइतबारसम्म ५०-६० जना केन्द्रीय सदस्यहरु सामूहिक राजीनामा दिन तयार रहेको दाबी गरे । राप्रपा त्याग्न तयार रहेका केही नेताहरुमा मुकुन्दश्याम गिरी (पार्टीको कारबाहीमा परेर हाल साधारण सदस्य मात्र), सगुन लावती (प्रवक्ताबाट हटाइएका, हाल केन्द्रीय सदस्य) नारायण कोइराला (कार्यसम्पादन समिति सदस्य) लगायत छन् ।

राप्रपा महामन्त्री प्रल्हाद साह पनि विभाजनमा आउने राणा पक्षको दावी छ । तर, संस्थापन पक्षका एक नेताले भने उनी राप्रपामै रहने बताए । साहले केही दिनअघि राणा पक्षको भेलामा गएर पार्टी अध्यक्ष लिङ्देनको चर्को आलोचना गरेका थिए ।

केन्द्रीयस्तरका सीमित नेताहरु मात्रै पार्टीबाट निस्किने आशा संस्थापन पक्षको छ । उनीहरुलाई रोक्न प्रयास नगर्ने र कारबाही पनि नगर्ने रणनीति संस्थापन पक्षले बनाएको छ ।

## हिमांशु डिजाइनर रनवे-६ :

# कल्पना बनिन् विजेता




बुटवल । नेपाली कला, संस्कृति र आधुनिक फेसनको आकर्षक संगमका रूपमा द हिमांशुज डिजाइनर रनवे सिजन-६ भव्यरुपमा सम्पन्न भएको छ । हिमांशु बुटिक एण्ड ट्रेनिङ सेन्टरले पाँचतारे होटेल हायातमा गरेको भव्य कार्यक्रममा नेपाली मौलिक पहिचान, सिर्जनात्मक फेसनका डिजाइनरहरूको प्रतिभा एकै मञ्चमा देखिएको थियो ।

कार्यक्रमको 'कल्चर राउन्ड' मा प्रस्तुत फेशन विशेष आकर्षण बनेको थियो । नेपालका विभिन्न जातजातिको पहिचान झल्किने पोशाकमा मोडेलहरू क्याटवाक गर्दै र्‍याम्पमा उत्रिएका थिए । मगर, गुरुङ, थारु, नेवारीदेखि विभिन्न जाति र समुदायका सांस्कृतिक पहिरनले नेपाली समाजको परम्परा, रितिरीवाज र बहुसांस्कृतिक विविधतालाई डिजाइनर रन वे कार्यक्रमले जीवन्त रूपमा प्रस्तुत गरेको थियो ।

पुरानो संस्कृतिमा आधुनिक डिजाइनको समिश्रण गरेर तयार गरिएका पहिरनहरुले फेशनपारखी दर्शकको मन जितेको थियो । कार्यक्रममा हिमांशु बुटिकका १२ जना डिजाइनरले तयार पारेका नयाँ तथा सिर्जनात्मक फेसन दुई दर्जन मोडेलहरुमार्फत् प्रदर्शन गरिएको थियो ।

मोडेलहरुले कल्चर राउण्ड, ब्राइडल राउन्ड, पार्टी वेयर राउण्ड र बेबी राउण्डमा डिजाइनरहरुले विभिन्न थिममा तयार गरेका पहिरन प्रदर्शन गर्दा त्यसले नेपाली फेसन क्षेत्रमा राम्रो सम्भावना रहेको सन्देश दिएको थियो ।

कार्यक्रममा उपस्थित फेसन पारखी दर्शकहरू डिजाइनरले तयार गरेका आकर्षक र नयाँ-नयाँ पहिरनको फोटो र भिडियो लिन व्यस्त देखिन्थे । कार्यक्रममा सहभागी दर्शकहरुले बुटवलमा उच्चस्तरको डिजाइनर रन वे कार्यक्रमले फेशनप्रति आम नागरिकको बुझाइ सकारात्मक बनाउने र नेपाली भेषभूषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने बताएका छन् ।

कार्यक्रममा तालिम पूरा गरी ग्राजुएट भएका डिजाइनरहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो । साथै १२ जनालाई 'स्टुडेन्ट अफ द मन्थ' अवार्ड प्रदान गरिएको थियो । प्रतियोगितामा कल्पना सुवेदी प्रथम भएकी छन् भने आशा पुन बुढाथोकी दोस्रो तथा दिव्या बलाल तेस्रो भएकी छन् । यस्तै 'मल्टिमिडिया विनर' को उपाधि दिव्या बलालले प्राप्त गरिन् भने 'भ्यूअर्स च्वाइस विनर' अवार्ड कल्पना सुवेदी र 'पिपुल्स च्वाइस विनर' आशा पुन बुढाथोकी घोषित भए ।

कार्यक्रममा फेशन डिजाइनरहरू बिनिता राना, धनमती सुनार, यानुका सारु, सिमरन श्रेष्ठ, सर्मिला बमरेल, मनिषा घर्ती मगर, आशा पुन, आरती कर्ण, सुष्मा गुरुङ र सिर्जना गुरुङले पनि उत्कृष्ट डिजाइन प्रस्तुत गरेका थिए ।

प्रशिक्षार्थी फेसन डिजाइनरहरुको कला र क्षमताको प्रोत्साहनका लागि हिमांशु बुटिक एण्ड ट्रेनिङ सेन्टरले हरेक वर्ष डिजाइनर रनवे प्रतियोगिता गर्दै आएको संस्थाकी सञ्चालक हिरा पेग्नी मगरले बताइन् ।

यस्तो कार्यक्रमले नयाँ तथा उदाउँदा डिजाइनरलाई आफ्नो सिर्जना प्रस्तुत गर्ने अवसर प्रदान गर्ने उनको भनाइ छ । कार्यक्रममा डा. ताराप्रसाद गिरीले यस्ता कार्यक्रमले फेसन डिजाइन व्यवसाय र विद्यार्थीको सिर्जनशीलतालाई प्रवर्द्धन गर्ने बताए । कवि यज्ञलाल सुवेदीले कविता वाचनमार्फत् हिमांशु बुटिकले फेसन डिजाइनको क्षेत्रमा गरेको योगदानको सराहना गरेका थिए । कार्यक्रम सञ्चालन रेशम न्यौपानेले गरेकी थिइन् ।

# विद्युत्मा ५ प्रतिशत भ्याट फिर्ता गर : कुलमान




बुटवल । उज्यालो नेपाल पार्टीका अध्यक्ष एवम् पूर्वऊर्जामन्त्री कुलमान घिसिङले मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्तामाथि ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) निर्णय फिर्ता लिन माग गरेका छन् ।

सरकारले शुक्रबार प्रस्तुत गरेको बजेटमा ५० युनिटभन्दा धेरै विद्युत् खपत गर्ने उपभोक्तालाई ५ प्रतिशत कर लगाउने उल्लेख छ ।

घिसिङले सामाजिक सञ्जालमा वक्तव्य जारी गर्दै उक्त निर्णय आम उपभोक्ताको हित, ऊर्जा रूपान्तरणको लक्ष्य तथा स्वदेशमै उत्पादित स्वच्छ ऊर्जाको उपयोग बढाउने राष्ट्रिय अभियानविपरीत रहेकोले फिर्ता लिन माग गरेका हुन् । उनले मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने अधिकांश सामान्य घरायसी उपभोक्ता रहेको उल्लेख गर्दै नयाँ करले लाखौं परिवारको मासिक खर्च बढाउने र भान्सा अझ महँगो बन्ने दाबी गरेका छन् ।

घिसिङले विद्युत् पहुँच विस्तारसँगै घरायसी प्रयोजनमा विद्युत्को प्रयोग बढिरहेको अवस्थामा सरकारले करको अतिरिक्त भार थपेर उपभोक्तालाई दण्डित गर्ने प्रयास गरेको आरोप समेत लगाएका छन् ।

खाना पकाउने, पानी तताउने तथा अन्य घरेलु प्रयोजनमा विद्युत् प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने बेला यस्तो कर लगाइनु उचित नभएको उनको तर्क छ ।

स्वदेशमै उत्पादित विद्युत्को खपत बढाउन प्रोत्साहनमूलक नीति ल्याउनुपर्ने अवस्थामा सरकारले उल्टै विद्युत् प्रयोगलाई निरुत्साहित गर्ने कदम चालेको उनको टिप्पणी छ । यसले विद्युतीय चुलोलगायत उपकरणको प्रयोग घटाएर पुनः एलपी ग्यासतर्फ निर्भरता बढ्न सक्ने उनको तर्क छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत ५५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com